लेखापरीक्षण प्रतिवेदन

चुमनुब्री गाउँपालिका, गोरखा

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

चुमनुव्री गाउँपालिका, गोरखा

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फस्यौंटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फस्यौंट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, गण्डकी प्रदेश

काठमाडौं

प.सं.:2082/83

मिति : २०८३-१-२९

च.न :APPROVED/FAR/2081-82/LOC/454

श्रीमान् अध्यक्षज्यू ,

चुमनुब्री गाउँपालिका,

गाउँकार्यपालिकाको कार्यालय, चुमनुब्री, गोरखा ।

विषय - लेखापरीक्षण प्रतिवेदन ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१/०८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(श्याम प्रसाद भण्डारी)
नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/454

श्रीमान् अध्यक्षज्यू ,

चुमनुव्री गाउँपालिका,

गाउँकार्यपालिकाको कार्यालय, चुमनुव्री, गोरखा ।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले त्यस पालिकाको आर्थिक वर्ष २०८१/८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१/८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्रलेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमाअन्तरसरकारी अख्तियारी, आन्तरिक आय, विविध कोष लगायतका कारोबार समावेश गरेको छैन।

२.२. पालिकाको रु.६१ करोड ४८ लाख ७९ हजारको लेखापरीक्षण गरिएकोमा रु.२५ लाख ९४ हजार (०.४२ प्रतिशत) बेरुजु देखिएको छ । सो सम्बन्धमा पालिकाबाट प्रतिक्रिया प्राप्त नभई बाँकी बेरुजुमा असुल गर्नुपर्ने रु.७ लाख ६ हजार, नियमित गर्नुपर्ने रु.१५ लाख ७४ हजार र प्रमाण कागजात पेस गर्नुपर्ने रु.३ लाख १४ हजार रहेको छ। गत वर्षसम्म रु.४ करोड ३४ लाख ७४ हजार बेरुजु बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजु रु.४ करोड ५९ लाख ८ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय

विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा**-** लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँकार्यपालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

(श्याम प्रसाद भण्डारी)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम							
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती		असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
५४	३४	२५,९३,९६३	०	०	०	०	५४	३४	२५,९३,९६३	७,०५,७९५	१५,७४,३६३	३,१३,८०५	०	०	१८,८८,१६८	०

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
गोरखा	४,३४,७३,९८२		१,६०,४४२	४,३३,१३,५४०		२५,९३,९६३	४,५९,०७,५०३

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८०/८१	सार्वजनिक खरिद तालिम	१०,८८०
२	२०८०/८१	खरिद भन्दा बढी दरमा भुक्तानी :	१,४२,७६२
३	२०८०/८१	कार्यसम्पादन मूल्यांकन समिति बैठक भत्ता	६,८००
जम्मा			**१,६०,४४२**

चुमनुब्री गाउँपालिका, गोरखा

(८०४३६५०४३००)

चुमनुब्री गाउँपालिका , गोरखा

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय :- स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यसपालिका अन्तर्गत ७ वडा, १६४८.५ वर्ग किलोमिटर क्षेत्रफल तथा ५९३२ जनसंख्या रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि मिति २०८२।०५।०७ देखि २०८२।०५।११ सम्म रहेको छ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- कार्यालयको आय-व्ययतर्फ रु.६१ करोड ४८ लाख ७९ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

(ज) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. २५४१७। असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

कार्यक्रम	असुल रकम
बढी भुक्तानी भएको पर्यटन भत्ता असुल गरी मिति २०८२।५।९ मा दाखिला	रु.२५४१७

२ **प्राप्ति र भुक्तानी**

वित्तिय विवरण मलेप फा नं २७० अनुसार २०८१।८२ को यस पालिकाको प्राप्ति तथा भुक्तानीको हिसाब देहाय अनुसार रहेको छ ।

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)					
क.स./ आर्थिकसङ्केत	विवरण	चालुआ.ब.को कारोबार		गत आ.ब. कोकारोबार	
		नगद	जम्मा	नगद	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति				
११०००	कर	९३२१२९७६	९३२१२९७६	७४०६१६२७	७४०६१६२७
१३०००	अनुदान	१८१५३९००६	१८१५३९००६	१८५३३८०४५	१८५३३८०४५
१४०००	अन्यराजस्व	१६८४८१०७	१६८४८१०७	७३९८३१८	७३९८३१८
१५०००	विविधप्राप्ति	२४८५५६	२४८५५६	१९२८३०	१९२८३०
क	कुल जम्माप्राप्ति	२९१८४८६४६	२९१८४८६४६	२६६९९०८२१	२६६९९०८२१
३	चालु	१८३६०१६५२	१८३६०१६५२	१५९८७३५८०	१५९८७३५८०
२१०००	पारिश्रमिक / सुविधा	९२१६५८७३	९२१६५८७३	८२१३२९३५	८२१३२९३५
२२०००	मालसामानतथा सेवाको उपयोग	६०८५२९८६	६०८५२९८६	४७४८७५५७	४७४८७५५७
२५०००	सहायता (Subsidy)	११६५०००	११६५०००	६५०००	६५०००
२६०००	अनुदान	०	०	४६२००००	४६२००००
२७०००	सामाजिकसुरक्षा	२५८०६९९३	२५८०६९९३	२२४००८६८	२२४००८६८
२८०००	अन्य खर्च	३६१०८००	३६१०८००	३१६७२२०	३१६७२२०
४	पूंजीगत	८९९९४१७३	८९९९४१७३	९१७२५६३२	९१७२५६३२
३१११०	भवन तथासंरचना	४५२६७२४	४५२६७२४	३५०००००	३५०००००
३११२०	सवारीसाधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स	१२३५९१२३	१२३५९१२३	६०३३३१६	६०३३३१६
३११३०	अन्यपूँजीगत खर्च	२२०५७२५	२२०५७२५	०	०
३११५०	सार्वजनिकनिर्माण	७०६०५९३४	७०६०५९३४	७६९३१२२४	७६९३१२२४
३११६०	निर्मितसरचनाकोसुधार खर्च	२९६६६८	२९६६६८	१३१६३९८	१३१६३९८
३११७०	पूँजीगतसुधार खर्च	०	०	३९४४६९४	३९४४६९४
ख)	कुल जम्माभुक्तानी	२७३५९५८२५	२७३५९५८२५	२५१५९९२१२	२५१५९९२१२
ग)	बचत / कमी (ग = क-ख)	१८२५२८२०	१८२५२८२०	१५३९१६०९	१५३९१६०९
घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/ -)	-२६४१०५५	-२६४१०५५	२३७५५६४	२३७५५६४
घ.१)	कट्टी रकमभुक्तानी/ दाखिला गर्न बाकी	-१४९३०	-१४९३०	५३०५८	५३०५८
ङ)	यस आ.ब.कोनगद तथा बैंक मौज्दात (बचत / (कमी)) (ङ = ग+घ)	१५६११७६६	१५६११७६६	१७७६७१७३	१७७६७१७३
च)	गत आ.व.कोनगद तथा बैंक मौज्दात	१३७५१७४८९	१३७५१७४८९	११७५७१९९४	११७५७१९९४
छ)	विनिमयनाफा/ घाटा तथा अन्य समायोजन				
ज)	आ.व.अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)	१५३१२९२५४	१५३१२९२५४	१३५३३९१६७	१३५३३९१६७

३ आर्थिक कारोबारको एकीकृत विवरण

आर्थिक कारोबारको एकीकृत विवरण

प्राप्ति			भुक्तानी		
विवरण	रकम (रु)	रकम (रु)	विवरण	रकम (रु)	रकम (रु)
सुरु मौज्दात		१३५२८६१७९	चालु खर्च		१८३५८६७२२
१. संचित कोष	१२९६३९२५८		१. पालिका तर्फ	८१८११७१०	
२.धरौटी	३४७८९७५		२. संघीय सशर्त	१०१७८९९४६	
३. प्रकोप व्यवस्थापन कोष	१४३६०२६		३. संघीय विशेष	०	
४. विविध खर्च खाता	४६३२९९		४. प्रदेश सशर्त	०	
५. विभाज्य कोष खाता	२६८६२०				
यस वर्षको आय		३१६५६४९५३	५. प्रदेश विशेष	०	
१.आन्तरिक आय	१४९८८३५५		पुँजीगत खर्च		८९९९४१७३
२. वित्तीय हस्तान्तरण (संघ)			१. पालिका तर्फ	८२४६९५०८	
क) समानीकरण अनुदान	६४४१५५२०		२. संघीय सशर्त	१००००००	
ख) राजस्व बाँडफाँट	८३२४५१७४		३. संघीय विशेष	१५१६५४५	
ग) सशर्त अनुदान	१२५५२३६८०		४. संघीय समपुरक	०	
घ) समपुरक अनुदान			५. प्रदेश सशर्त	०	
ङ) विशेष अनुदान	१५१६५४५		६. प्रदेश विशेष	४००००००	
च) रोयल्टी			७. प्रदेश समपुरक	१००८१२०	
छ) अन्य			अन्तर सरकारी अख्तियारी (संघ)		
३. वित्तीय हस्तान्तरण (प्रदेश)			क) सामाजिक सुरक्षा	४६८०९५३७	४६८०९५३७
क) समानीकरण अनुदान	७८१७०००		ख) गरिबसँग विशेश्वर कार्यक्रम		
ख) राजस्व बाँडफाँट	१२०५८६७९				
ग) सशर्त अनुदान			अन्तर सरकारी अख्तियारी (प्रदेश)	११२५००	११२५००
घ) समपुरक अनुदान	३००००००		ऋण फिर्ता(साँवा)		
ङ) विशेष अनुदान	४००००००		ऋणको ब्याज भुक्तानी		
च) रोयल्टी			धरौटी फिर्ता तथा सदर स्याहा	१२९७०१०	१२९७०१०
छ) अन्य			प्रकोप व्यवस्थापन कोषबाट भएको खर्च	२९३९२९८	२९३९२९८
४. अन्तर सरकारी अख्तियारी (संघ)			अन्य कोषबाट भएको खर्च	०	
क) सामाजिक सुरक्षा	४६८०९५३७	४६८०९५३७	गैरसरकारी संस्थाबाट सञ्चालित योजना	०	
ख)			अन्य सहयोगमा सञ्चालित योजना	०	
…………..			अन्य खर्च भएमा	०	
५. अन्तर सरकारी अख्तियारी (प्रदेश)	११२५००	११२५००	अनुदान फिर्ता		

६. ऋण/ वित्तीय व्यवस्था			१. संघ तर्फ		
७. धरौटी आय	१३२६६३३	१३२६६३३	क) सशर्त अनुदान	२२७४१८५९	२२७४१८५९
८. प्रकोप व्यवस्थापन कोष खाता आय	२५०००००	२५०००००	ख) विशेष अनुदान	०	
९. अन्य कोषको आय			ग) समपुरक अनुदान	०	
१०. गैरसरकारी संस्थाबाट सञ्चालित योजना			२. प्रदेश तर्फ		
११. अन्य सहयोगमा प्राप्त सञ्चालित योजना			क) सशर्त अनुदान	०	
१२. अन्य आय भएमा			ख) विशेष अनुदान	०	
			ग) समपुरक अनुदान	१९९१८८०	१९९१८८०
			अन्तिम मौज्दात		१५३१२६८२३.४
			१. संचित कोषको मौज्दात	१४७८८९५७७	
			२. धरौटी	३५०८५९८	
			३. प्रकोप व्यवस्थापन कोष	९९६७२८	
			४. विविध खर्च खाता	४६३२९९	
			५. विभाज्य कोष खाता	२६८६२०	
जम्मा	५०२५९९८०२.५	५०२५९९८०२.५	जम्मा	५०२५९९८०२.५	५०२५९९८०२.५

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

४ वित्तीय विवरण विश्लेषण

४.१ **वित्तीय विवरण** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा पालिकाले २०७९।८।२० मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाको सम्पुर्ण आर्थिक कारोबार SUTRA मा अभिलेख नभएकाले उक्त विवरणले यथार्थ चित्रण गरेको छैन। अन्तरसरकारी अख्तियरीतर्फको सामाजिक सुरक्षाको रु ४६८०९५३७।१७ र उर्जा जलस्रीत तथा सिँचाई मन्त्रालय (प्रदेश) तर्फको रु ११२५००० समेत रु ४६९२२०३७।१७।SUTRA सफ्टवयेरमा समावेश नभएको व्यहोरा कार्यालयले जनाएको छ।

४.२ **आर्थिक कारोबारको लेखाङ्कनः-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा तोकिएको ढाँचामा आर्थिक कारोवारको लेखाङ्कन गरी नेपाल सार्वजनिक क्षेत्र लेखामान NEPSAS अनुसार प्रतिवेदन गर्नु पर्दछ । स्विकृत लेखा ढाँचामा बिबरण समेत अभिलेखमा आउने गरी म.ले.प. फारामहरुको प्रयोग गरी एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार आर्थिक कारोवारको लेखाङ्कन गरेको पाईएन । पालिकाले, बस्तु तथा निर्माणको खरिद योजना- ३११, परामर्श सेवाको खरिद योजना- ३१२, मर्मत सम्भार तथा संरक्षण अभिलेख खाता-४१५, घर जग्गाको लगत किताब-४१७, आइटमवाइज कार्य अभिलेख खाता- ५०५, ठेक्कासँग सम्बन्धित गोश्वारा लगत- ५०७, बेरुजु लगत- ८०१, सम्परीक्षण गोश्वारा अभिलेख- ८०५, बिद्युतिय प्रणाली प्रयोगकर्ताको बिबरण, परिबर्तन र स्थगन अभिलेख-९०२ तयार गरेको देखिएन । स्वीकृत लेखा ढाँचामा लेखा राखी नेपाल सार्वजनिक क्षेत्र लेखामान अनुसार आर्थिक विवरण तथा प्रतिवेदन तयार गरीनुपर्दछ ।

४.३ **दाखिला गर्न बाँकी राजस्व** -म ले प फा नं २७० मा कट्टी राजस्व दाखिला गर्न बाँकी देखाएको रु १४९३०। लेखापरीक्षण अवधिसम्म दाखिला भएको नदेखिएकोले दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	१४,९३०

५ आन्तरिक नियन्त्रण प्रणाली

५.१ **आन्तरिक नियन्त्रण प्रणालीः**- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ। पालिकाले आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गरेको भएतापनि यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपसिल वमोजिम रहेका छन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

• निजामती सेवा ऐन, २०४९ को दफा ७ (ख)२ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा तलबी प्रतिवेदन पारित वेगर खर्च लेखेको पाइयो ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।

• दिगो बिकास योजना २०१६-३० लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

• कन्टिन्जेन्सी खाता राखेको पाईएन।

• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।

• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको

• वितरणमूखी कार्यक्रम संचालन गरेको,

• आर्थिक वर्षको अन्तमा खर्चको चाप हुने गरी काम गरेको,

• राजस्वको अनुमान र प्राप्ती प्रक्षेपणमूखी र दायरामुखी वनाउन नसकेको,

• अवकास कोष सम्वन्धि कानूनी व्यवस्था कार्यान्वियन नगरेको,

• सबै प्रकारका आयोजनामा निर्माण कार्यको गुणस्तर आश्वस्त हुने प्रमाण संलग्न नगरेको,

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ मा प्रत्येक आर्थिक बर्ष शुरु हुनुभन्दा १५ दिन अगावै आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री, ज्याला, भाडा तथा महशुलको स्थानीय न्यूतम दररेट तोक्नुपर्ने व्यवस्था

रहेकोमा नतोकेको ।

उपरोक्त व्यहोरा पूर्ण रुपमा कार्यान्वयन नगरेका कारण वित्तीय उत्तरदायित्व एवम जवाफदेहिता र कानूनको पालनामा कमी हुने हुँदा जिम्मेवार पदाधिकारीले कामको प्रकृति अनुरुप आन्तरिक नियन्त्रण प्रणाली तयार गर्ने र कानुनको पालना गरी सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

५.२ **कन्टिन्जेन्सी खर्चः-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को उपनियम (७) सँग सम्बन्धित अनुसुची १ अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ज र स्टाफ खर्चको लागि २ प्रतिशत र अन्य साना तीना खर्चकोलागि २ प्रतिशत कन्टिन्जेन्सी खर्च गर्न सकिने व्यवस्था छ । पालिकाले यस वर्ष रु. १५४३२६६। कन्टिन्जेन्सी खर्च गरेको देखिन्छ जुन यो वर्षको पूँजीगत खर्च रु ८९९९४१७३.४७ को १.७१ प्रतिशत हुन आउछ । कन्टिन्जेन्सी खर्च गर्ने सम्बन्धमा नियम १०(७) अनुसार अनुसुची १ मा उल्लेखित व्यवस्था बाहेक अन्य कुनै आधार देखिदैन । पालिकाले उक्त खर्चबाट अधिकाँश अनुगमन मुल्याङ्कन, मसलन्द तथा स्टेशनरी लगायतमा खर्च गरेको छ । यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ।

५.३ **समितिको क्रियाशिलता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ५ मा सभाको व्यवस्थापन सम्बन्धी कार्यविधिको व्यवस्था छ । जस अन्तर्गत दफा २२ मा सभाले आफ्नो कार्यप्रणाली व्यवस्थित गर्न नियमावली बनाइ कुनै सदस्यको सँयोजकत्वमा लेखा समिति, विधायन समिति, सुशासन समिति लगायत आवश्यक्ता अनुसार अन्य समिति र विशेष समिति गठन गर्न सक्ने उल्लेख छ। यस पालिकामा केहि समिति गठन गरेतापनि नियमित रुपमा समितिहरुको बैठक समेत बसेको देखिएन। सभाले यस सम्बन्धी नियमावली बनाई समितिहरु क्रियाशिल बनाउनुपर्दछ ।

५.४ **आयोजना बैँक-** राष्ट्रिय योजना आयोगद्धारा प्रकाशित स्थानीयतहको योजना तर्जुमा दिग्दर्शन अनुसार स्थानीय सरकार सञ्चाल ऐन, २०७४ अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र तत्सम्बन्धी नियमावली, २०७७ को व्यवस्थाले रणनीतिक महत्वको आयोजनाको पहिचान सँभाव्यता अध्ययन तथा मूल्याँकन प्रतिफलमुखी वित्तीय र आर्थिकरुपम संभाव्य आयोजना छनौट तथा प्राथमिकीकरण गर्ने र सो अनुसार श्रोत साधनको विनियोजन गरी प्रभावकारी कार्यान्वयनको लागी आयोजना बैक स्थापना गर्न सुझाएको छ । पालिकाले रणनीतिक महत्वको आयोजनाको पहिचान गर्ने एवँ सम्भाव्यता अध्ययन लगायतको कार्य गरेको पाइएन । आवश्यक्ताका आधारमा आयोजना छनोट, पहिचान गर्न र विकास व्यवस्थापनको लागि समेत आयोजना बैकको अवधारणालाई कार्यान्वयन गरिनुपर्दछ ।

५.५ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

५.६ **इन्धन खर्चको मापदण्ड-** सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शनमा सवारी साधनको इन्धन, मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई कार्यान्वयनमा ल्याउनु पर्ने साथै सरकारी सवारी साधन सरकारी काममा मात्र प्रयोग गर्ने ,सरकारी सवारी साधन अनाधिकृत व्यक्तिले प्रयोग नगर्ने जस्ता व्यवस्था गरेको छ । पालिकाले इन्धन प्रयोग र उपयोग सम्बन्धी विवरण खुल्ने गरी अभिलेख तयार गरेको छैन ।माथि उल्लेखित व्यवस्थाको पालना गरी इन्धन खर्चको मापदण्ड तयार गरेर खर्चलाई मितव्ययी बनाउन कोटा निर्धारण तथा लगवुकको आधारमा मात्र खर्च लेख्न तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ ।

५.७ **सवारी साधन मर्मत** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ वमोजिम सरकारी जिन्सी मालसामान हानी नोक्सानी नहुने गरि संरक्षण गर्ने र तिनीहरुको राम्रो सम्भार गरी वा चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्वन्धित कार्यालय प्रमुखको हुने उल्लेख छ । सोही वमोजिम कार्यालयमा रहेको चल्ती जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा कार्यालय प्रमुखबाट मर्मत आदेश स्वीकृत गराई मर्मत गराई खर्च लेख्ने र सोको मर्मत अभिलेख तयार गरी राख्नुपर्दछ । पालिकाले मर्मत खर्च भुक्तानी गर्दा म.ले.प.फा.नं. ४१५ तयार नगरी रु. १०१५८०२।खर्च लेखेको छ । नियमको पालना गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।

५.८ **कर्मचारी करार** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सिर्जना गर्न नसकिने व्यवस्था छ।कार्यालयले विभिन्न पदमा ४२ जना कर्मचारीहरु करारमा भर्ना गरि रु. ६७८४२३७। खर्च लेखेको पाईयो । आन्तरिक आम्दानी रु १४९८८३५५ को ४५.२५ प्रतिशत करार सेवामा खर्च गरेको छ ।

५.९ **पदाधिकारी सुविधा** - प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ को दफा ३ को अनुसूची-१ र २ बमोजिम पदाधिकारी तथा सदस्यहरुलाई सुविधा उपलब्ध गराउने व्यवस्था छ ।पालिकाले यस बर्ष पदाधिकारी सुविधापत रु. ७५०१५००। भुक्तानी दिएको छ। आन्तरिक आम्दानी रु १४९८८३५५ को ५० प्रतिशत पदाधिकारी सुविधामा खर्च गरेको छ ।

६ कर्मचारी कल्याण कोष

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले उक्त कोष सञ्चालन सम्बन्धी कुनै व्यवस्था गरेको पाईएन। कोषको व्यवस्था गरी सो सम्बन्धी मापदण्ड र कार्यविधि तयार गरेर उक्त कोष सञ्चालन गर्नु पर्दछ।

७ विपद् व्यवस्थापन

समिति गठन- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन गरेकोमा नियमित बैठक बसेको पाइएन। ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ।

कार्य योजना - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/ कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउने सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ ।

वार्षिक प्रतिवेदन – विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । प्रकोप व्यवस्थापन कोषतर्फ गत बर्ष रु १४३६०२६ मौज्दात रहेकोमा यस वर्ष रु २५०००००।समेत रु ३९३६०२६। मा यस वर्ष रु २९३९२९८ खर्च भई रु ९९६७२८ मौज्दात रहेको छ । पालिकाले

कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

८ **आन्तरिक लेखापरीक्षण**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। कार्यालयले अन्तरसरकारी अख्तियारीतर्फको आन्तरिक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालयबाट गराएतापनि पालिका तर्फको आन्तरिक लेखापरीक्षण गराएको छैन।

९ **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६) बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । यो वर्ष पालिकाले खाना तथा विविधतर्फ रु. ८७५१३०। खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

१० **गाउँ सभा खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रयोग हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुनेगरी मितव्ययी ढंगले गर्नुपर्ने उल्लेख छ । पालिकाले सभा सञ्चालन खर्च वापत रु १३,५९,६३५ भुक्तानी दिई खर्च लेखेको मध्ये अधिकांश रकम स्टेसनरी खाजा नास्ता लगायतमा खर्च गरेको पाईयो । पालिकाले यस्ता प्रकृतिका अनुत्पादक खर्चमा मितव्ययीता कायम गर्नुपर्दछ।

११ **योजना तर्जुमा, बजेट तथा कार्यक्रम**

११.१ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा २०८१।३।१० गते रु.४२ करोड ६५ लाख ६५ हजारको बजेट सभा समक्ष पेश गरी पारित गरेको छ । यसैगरी स्थानीय तहका अध्यक्षले २०८१।०४।०१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

११.२ **बजेट तथा कार्यक्रम तर्जुमा**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता समेत कायम गरेको नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

११.३ **गत आ.व.को भुक्तानीः**- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१३) बमोजिम तोकिएका खर्च शीर्षकहरुमा चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्नु पर्ने उचित आधार र पर्याप्त कारण भएमा कार्यालयले आगामी वर्षमा भुक्तानी दिने गरी स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण तयार पारी आर्थिक वर्ष समाप्त भएको सात दिनभित्र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गराई राख्नु पर्ने व्यवस्था छ ।त्यसैगरी यदि उक्त खर्च पालिकाको आन्तरिक श्रोतबाट व्यहोरिन भए आर्थिक वर्षको अन्त्यमा भुक्तानी हुन बाँकीको विवरण प्रमाणित गराई नगरसभाबाट बजेट स्वीकृत गराई खर्च लेख्नु पर्दछ। पालिकाले, आमासमूह भवन झ्यालढोका निर्माण फिलिम चर्च निर्माण साम्दो ढल निर्माण फिलिम आधारभुत विद्यालय झ्याल ढोका निर्माण लगायतका विभिन्न व्यक्ती तथा समुहको योजनामा भुक्तानी हुन बाँकी रु २९५४०१४ उल्लेख गरी बजेट विनियोजन गरेको छ । विनियोजन कुशलताको

अभाव तथा बजेट सिमाभित्र रही खर्च नगर्ने परिपाटीले बजेटमा चाप पर्ने र दिर्घकालीन लाभ तथा दिगो प्रकृतिका विकासका कार्य सञ्चालन नभई अपेक्षित लाभ समुदायले प्राप्त गर्ने स्थिति रहँदैन । यसमा सुधार हुनुपद्र्छ ।

११.४ **अबण्डा बजेट** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले उपाध्यक्ष महिला सशक्तिकरणमा रु १५ लाख अबण्डा राखेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

११.५ **रकमान्तर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७९ मा कार्यपालिकाले स्वीकृत वार्षिक वजेटको अधिनमा रही कुनै शिर्षकवाट पुँजीगत शिर्षकमा २५ प्रतिशत रकमान्तर गर्न सक्ने उल्लेख छ साथै अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २९ मा पूँजीगत खर्चको रुपमा विनियोजन भएको रकम चालु खर्चमा रकमान्तर गर्न नपाइने उल्लेख छ। यस वर्ष पालिकाले रकमान्तर गरी रु.५११६०००० खर्च लेखेको छ। पालिकाले रकमान्तर गर्दा घटाउने शिर्षकलाई एकमुष्ठ रुपमा घटाएको र बढाउने शिर्षकमा पनि एकमुष्ठ बढाएको हुँदा कुन कार्यक्रम र शिर्षकबाट कुन कार्यक्रममा रकमान्तर भएको हो स्पष्ट नभएको हुँदा चालु र पुँजीगत शिर्षकबाट रकमान्तर गर्दा रकमान्तर गरिने कृयाकलाप समेत स्पष्ट खुल्ने गरी विवरण तयार गर्नु पर्दछ। साथै रकमान्तर गरेको विवरण पालिकाको वेवसाइटमा समेत राख्नु पर्दछ।

११.६ **त्रैमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रमको प्रगति विवरण वनाई पेश गर्नुपर्ने व्यवस्था छ। पालिकाले पेश गरेको विवरण अनुसार त्रैमासिक पुँजीगत खर्चको देहाय बमोजिम रहेको देखिन्छ ।

	पुँजीगत जम्मा खर्च	प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेस्रो त्रैमासिक	चौथो त्रैमासिक	अषाढ महिना
खर्च रकम	८९९९४१७३	९४२३१८	८०९६५५८	८३४२८८७	७२६१२४१०	५९६४१९६७
प्रतिशत	१००	१.०५	९	९.२७	८०.६८	६६.२७

स्वीकृत बार्षिक कार्यक्रम बमोजिम त्रैमासिक रुपमा कार्यक्रमलाई प्राथमिकीकरण गरी खर्च गर्नुपर्नेमा पूँजीगत खर्च चौथो त्रैमासिकमा मात्र ८०.६८ प्रतिशत र असार मा मात्र ६६.२७ प्रतिशत गरेको छ।वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप वर्षान्तमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

११.७ **क्षेत्रगत बजेट र खर्च** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्र.सं.	क्षेत्र/उप क्षेत्र	विनियोजन	खर्च	खर्च प्रतिशत
१	आर्थिक विकास	२,९५,५९,०००	१,६२,६९,२३८	५.९५
२	सामाजिक विकास	१२,३९,८८,०००	९,८६,४३,३३६	३६.०५
३	पूर्वाधार विकास	११,५५,५०,०००	५,६९,२५,३२६	२०.८१
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	१,७६,००,०००	१,१४,८३,४६४	४.२०
५	कार्यालय सञ्चालन तथा प्रशासनिक	१३,९८,६८,४००	९,०२,७४,४५९	३२.९९
कुल जम्मा		४२,६५,६५,४००	२७,३५,९५,८२५	१००.००

उल्लिखित विवरण अनुसार कुल खर्च मध्ये आर्थिक विकासतर्फ ५.९५ प्रतिशत, सामाजिक क्षेत्रतर्फ ३६.०५ प्रतिशत, पूर्वाधारतर्फ २०.८१ प्रतिशत, सुशासन र अन्तरसम्बन्धित क्षेत्रतर्फ ४.२ प्रतिशत र कार्य सञ्चालन तथा प्रशासनिक खर्च ३२.९९ प्रतिशतले खर्च गरेको छ। आर्थिक विकासतर्फ ५.९५ प्रतिशत मात्र खर्च रहेको देखिँदा गरिवी निवारण लगायतको कामको लागि यस क्षेत्रमा अधिक भन्दा अधिक बजेट विनियोजन एवं खर्च गर्नुपर्दछ।एवँ कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रमा कुल खर्चको ३२.९९ प्रतिशत गरेको देखिन्छ। प्रशासनिक खर्च तर्फ मितव्ययीता कायम हुनुपर्दछ ।

११.८ **खर्च बिश्लेषण**– पालिकाले यसबर्ष पालिकाले संघीय सरकारबाट रु २७४७००९१९।५४ प्रदेश सरकारबाट रु २६८७५६७९।०४ र अन्य आय १४४६२७६१२।८४ समेत रु ४४६२०४२११।४२ आम्दानी भएकोमा चालु तर्फ रु १८३५८६७२१।७ र पूँजीगत तर्फ रु ८९९९४१७३।४७तर्फ समेत रु २७३५८०८९५।१७ खर्च भएको छ। यसबर्ष पदाधिकारी सुविधामा रु ७५०१५०० खर्च भएको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट प्रतिशत चालु ६०.९ र ३९.१ प्रतिशतमात्र पूँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले विकास निर्माण प्रयोजनमा न्यून खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।

१२ योजना र कार्यान्वयन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दीर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समिति तथा निर्माण व्यवसायीबाट मार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्: ।

सि.न.	विवरण	योजना संख्या	जम्मा बजेट
१	रु एक लाख भन्दा कमका योजनाहरु	१	१०००००
२	रु एक लाख देखी पाँच लाख सम्मका योजनाहरु	२७	१०१९००००
३	रु पाँच लाख देखी दश लाख सम्मको योजनाहरु	४२	३४८०००००
४	दश लाख देखी पचास लाख सम्मका योजनाहरु	२२	४७७५३०००
५	पचास लाख भन्दा माथिका योजनाहरु	४	४१००००००
	जम्मा	१०४	१३३८४३०००

१३ कर दस्तुर एवं आन्तरिक आय

१३.१ **कर तथा शुल्क असुली** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । यस बर्ष पालिकाको अनुमानित आन्तरिक आय रु ३२०००००। रहेकोमा पालिकाले विभिन्न १९ शिर्षकमा रु १४९८८३५४।८ असुली गरेको छ। अनुमान भन्दा अर्थात ४६८ प्रतिशत बढी असुली गरेको छ । आयको अनुमान यथार्थपरक बनाई थप आय आर्जन बृद्धि गर्ने तर्फ विशेष ध्यान दिनु पर्दछ । साथै पालिकाभित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले पालिकाले आर्थिक ऐन बमोजिम संभावित करदाताको अभिलेख राखी करको दायारामा ल्याउनुपर्दछ ।

१३.२ **ढिला राजस्व दाखिला गरेको** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७७ को दफा २७(१) बमोजिम प्रचलित कानुन बमोजिम सरकारलाई प्राप्त हुने राजस्व रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले राजस्वको लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ । त्यसै गरी दफा २८(२) बमोजिम आफ्नो जिम्मामा रहेको नगदी दाखिला गर्न बाँकि रहेकोमा कार्यालय प्रमुखले १० दिन सम्म ढिला गरेकोमा दश प्रतिशत जरिवाना सहित दाखिला गर्न लगाउने र सो भन्दा ढिलो गरेमा दश प्रतिशतले जरिवाना गर्न लगाई कसुरको मात्रा अनुसार विभागीय कारवाही समेत गर्न, गराउन सक्ने व्यवस्था छ । तर वडा तथा पालिकाले संकलित राजस्व समयमा दाखिला नगरी ढिलो गरी दाखिला गरेको देखिन्छ । ऐनको कडाइका साथ पालना हुनुपर्दछ ।

यस सम्बन्धमा छलफल गर्दा दैनिक असुली रकम न्यून हुने भएकाले केही ढिलो दाखिला गरिएको मात्र हो भन्ने जवाफ दिएको छ ।

१३.३ **सेवा प्रवाह र आम्दानी** - पालिकाले नाता प्रमाणित, घरबाटो सिफारिस, व्यक्तिगत घटना दर्ता सिफारिस लगायतको दस्तुर संकलन गरेकोमा के कति संख्यामा उक्त सेवाहरु प्रवाह गर्यो भन्ने खुल्ने सेवा प्रवाहको विवरण तयार गरी पेश गर्न नसकेको कारण सेवा प्रवाह र संकलित राजश्व भिडान गर्न सकिएन ।यसमा सुधार हुनुपर्दछ ।

१३.४ **निरिक्षण नभएको**- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६१ मा कार्यालय प्रमुखले प्रत्येक महिना राजस्व उठ्न छुट भए वा नभएको र राजस्व लेखा तथा दाखिलाको निरीक्षण गरी राजस्व हिनामिना भए वा नभएको र नियम ५९ बमोजिम लगती राजस्व तथा हसवली राजस्वको लेखा रहे नरहेको निरीक्षण गरी सो को अभिलेख अद्यावधिक गर्न लगाउनु पर्नेमा सो अनुसार गरेको पाईएन। कार्यालयमा प्राप्त हुनुपर्ने सबै राजस्व प्राप्ति भई कानुनी प्रकृया पुरा गरी समयमै दाखिला हुने गरी सुधार हुनु पर्दछ ।

१४ करको दायरा विस्तार

सवारी कर -स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४(१) मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ । सम्वन्धित निकायसँग समन्वय गरी हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखि कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ ।

मनोरञ्जन कर -स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०८१।८२ मा पालिकाले कूनैपनि मनोरञ्जन कर संकलन गरेको पाईएन । यस पालीकाको क्षेत्रभित्र उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरि असुल गर्नुपर्दछ ।

व्यवसाय कर -स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । पालिकाले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नूपर्नेमा व्यवसायीहरुको लगत मात्र राखेको कर रकम संकलन गरेको पाईएन । पालिकाले व्यक्तिगत स्वघोषणाका आधारमा मात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका व्यवसायहरुको अनुगमन गरेको पाईएन । पालिका क्षेत्र भित्रका व्यवसायीको अभिलेख अध्यावधिक गरी करको दायराभित्र ल्याउनु पर्दछ ।

१५ उपभोक्ता समिति मार्फत कार्य

१५.१ **उपभोक्ता समिति दर्ता** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष विभिन्न ९८ उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई रु ६६९५८१७६। भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत

सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्यको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।

१५.२ **जटिलसंरचना निर्माण** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले पि सि सि बाटो, गुम्बा निर्माण तथा मर्मत, विद्यालय निर्माण तथा मर्मत खानेपानी लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्पmत् गराउन उपयुक्त हुने देखिन्छ ।

१५.३ **गुणस्तर परीक्षणः-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ (२) मा लागत अनुमान तयार गर्दा गुणस्तर परीक्षण समेत छुट्टै आईटम बनाई लागत अनुमानमा समावेश गर्नुपर्ने र नियम ११५(१) मा गुणस्तर परीक्षण गर्ने व्यवस्था छ। उपभोक्ता मार्फत गराएको निर्माण कार्यको लागत अनुमानमा गुणस्तर परीक्षण आईटम समावेश नगरीएको, ठेक्काद्वारा गरिने निर्माण कार्यको लागत अनुमानमा गुणस्तर परीक्षणको आईटम समावेश गरिएकोमा खर्च दावी नभएको र उपभोक्ता मार्फत वा निर्माण व्यवसायी मार्फत हुने निर्माण कार्यमा प्रयोग भएका निर्माण सामग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण हुने गरेको देखिएन। तर कार्यालयले उपभोक्ता समिति मार्फत् भएका निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, कंक्रिटिङ्ग कार्यको गुणस्तरका लागि सिमेण्ट मोर्टार तथा कंक्रिट क्यूब टेष्ट, फलामे डण्डीको टेन्साइल टेष्ट, ग्याबियन तारजालीको ल्याब टेष्ट गराउने जस्ता कार्य गराएको पाइएन गुणस्तरको यकिन गर्न सक्ने आधार देखिँदैन । निर्माण कार्यमा प्रयोग हुने निर्माण सामग्री लगायत निर्माण कार्यको गुणस्तर परीक्षण गरी निर्माण कार्य गुणस्तरीय भएको सुनिश्चत हुनुपर्दछ।

१५.४ **उपभोक्ता समिति छनौटः-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोड सम्मको लागत अनुमान भएको निर्माण कार्य वा सो सम्बन्धि सेवा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सक्ने र यसका लागि सम्बन्धित काम र सेवाको प्रकृति परिमाण लाग्ने रकम उपभोक्ता समिति वा लाभग्राहि समुदायले व्यहोर्ने वा व्यहोर्नु पर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाइ सार्वजनिक निकायले सार्वजनिक सुचना प्रकाशन गरि प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आंफैले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ।तर कार्यालयले यस बर्ष उपभोक्ता समितिबाट कार्य गराउंदा सम्झौताबाहेक सम्झौता पुर्वका उक्त प्रकृया पालना गरेको कुनै कागजात तथा आधार पेश हुन आएन ।यसबाट विकास निर्माण कार्यमा उपभोक्ता समिति छनौटको आधार पारदर्शी र प्रतिसपर्धात्मक तवरले भएको देखिएन ।यसबाट निर्माण कार्यको समय, लागत र गुणस्तरमा असर पर्ने हुंदा उपभोक्ता समिति वा लाभग्राही समूह छनौट गर्दा उक्त नियमावलीको व्यवस्था पालना गरी पारदर्शी र प्रतिस्पर्धात्मक तवरले गरिनुपर्दछ।

१५.५ **सम्पत्तिको संरक्षण र उपयोग-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा पालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकामा आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्ति र जग्गा एवं मर्मत सम्भार तथा संरक्षण अभिलेख नरहेको, सवारी साधन सञ्चालनको लगबुक अद्यावधिक नराखेको, सम्पत्ति संरक्षण र उपयोग नीति र मापदण्ड नबनेको अवस्थामा स्थानीय तह भित्रका सरकारी, ऐलानी तथा पर्ति जग्गाको अभिलेख अद्यावधिक तथा एकीकृत गरेको देखिदैन। पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गरी गराई अभिलेख राख्नुपर्दछ।

१६ फोहरमैला व्यवस्थापन

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्नुपर्ने उल्लेख छ। पालिकाले फोहोरमैला व्यवस्थापन कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ। फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट

लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन। फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ।

१७ भ्रमण खर्च अभिलेख

भ्रमण खर्च नियमावली २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्वन्धित कार्यालयले भ्रमण आदेश नं, भ्रमणमा खटिनेको नाम र दर्जा , खटिएको स्थान, मिति समेत खुल्ने गरी अनुसुचि ६ बमोजिमको ढाँचामा कार्यालय प्रमुखवाट प्रमाणित गरी भ्रमण अभिलेख राख्नुपर्ने र भ्रमणमा खटाउने पदाधिकारीले बिश्वसनिय आधार र प्रमाण स्थापित हुने गरी आवश्यकता अनुसार आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था समेत गर्नुपर्ने उल्लेख छ । भ्रमण पश्चात अनिवार्य रुपमा कामको व्यहोरा खुलेको अनुगमन प्रतिवेदन राख्ने तथा आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्था समेत गरी नियमावलीको व्यवस्था पालना गरिनुपर्दछ।

१८ जिन्सी व्यवस्थापन

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९९ ले सरकारी सम्पत्ती तथा जिन्सी मालसामानको निरिक्षण सम्वन्धी व्यवस्था गरेको र सोहि नियमको उपनियम ४ ले लिलाम बिक्रि गर्नुपर्ने र मर्मत संभार गर्नु पर्ने सम्पत्ती तथा जिन्सी मालसामान तीन महिना भित्र गर्नुपर्ने व्यवस्था गरेको छ ।यो बर्ष कार्यालयले तयार गरेको जिन्सी निरिक्षण फाराम अनुसार लिलाम तथा मर्मत गरेको छैन ।उक्त प्रतिवेदन अनुरुप लिलाम बिक्री गर्नुपर्ने सामानहरु लिलाम बिक्रि गर्ने तथा मर्मत गर्नुपर्ने सामाग्री मर्मत गरी प्रतिवेदनमा उल्लेखित व्यहोराहरूको कार्यान्वयन गरी जिन्सी कारोबारलाई चुस्त दुरुस्त बनाउनु पर्दछ।

१९ राष्ट्रपति रनिङ शिल्ड

राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका, २०७० मा विद्यालयमा अध्ययनरत कक्षा १२ सम्म नियमितरुपमा अध्ययनरत १८ बर्षभन्दा मुनिका छात्र । छात्राहरुबीच आ आफ्नो समूहमा हुने प्रतियोगिता संचालन सम्बन्धमा उल्लेख छ । जसको परिच्छेद २ मा स्थानीयतह तथा जिल्लास्तरीय राष्ट्रपति रनिँङ शिल्ड प्रतियोगित व्यवस्थापन र समितीको काम कर्तव्य र अधिकारको व्यवस्था उल्लेख छ । साथै सोही निर्देशिकाको दफा ९ को उपदफा ७ मा आयोजकले स्थानीय प्रतियोगिता सम्पन्न भएको मितिले ७ दिनभित्र खेलको नतिजा सहितको प्रगति प्रतिवेदन अनुसूची ५ को ढाँचामा जिल्ला खेलकुद विकास समिति समक्ष पठाउनुपर्ने व्यवस्था छ । साथै सार्वजनिक खरीद ऐन, २०६३ को परिच्छेद २ मा खरीद कारवाहीको तयारी खरीद योजना र लागत अनुमान सम्बन्धी व्यवस्था छ । कार्यक्रम सञ्चालन पूर्व लागत अनुमान स्वीकृति वेगर नै खर्च गरेको तथा प्रतियोगिता सम्पन्न भए पश्चात् सोको प्रगति प्रतिवेदन पेश नगरी रु १४१२२०३ भुक्तानी गरेको छ ।यसरी गरिने खर्चमा मित्तव्ययीता अपनाउनु पर्दछ ।

२० कर्मचारी प्रोत्साहन फिल्ड तथा पर्यटन भत्ता

कर्मचारी प्रोत्साहन फिल्ड तथा पर्यटन भत्ता – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । पालिकाले यो वर्ष कर्मचारी प्रोत्साहन भत्तामा रु.२२२११५, फिल्डमा भत्तामा रु ८३४००० र पर्यटन काजमा रु.३४९४३०। समेत जम्मा रु. १४०५५४५। खर्च गरेको छ । पालिकाले कर्मचारी प्रोत्साहन, फिल्ड भत्ता, पर्यटन काज तथा आवास सुविधा सम्बन्धी कार्यविधि, २०८१ तर्जुमा गरी प्रोत्साहन भत्ता लगायतमा खर्च छ । यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ ।

२१ पारिश्रमिक कर कट्टि

पारिश्रमिक कर कट्टि आयकर ऐन, २०५८ को अनुसार नियमित रुपमा नभई पटके रुपमा प्राप्त गर्ने भत्तामा १५ प्रतिशत अग्रिम कर कट्टि गरी भुक्तानी गर्नु पर्ने व्यवस्था छ । पालिकाले तपसिल बमोजिमका कार्यक्रममा प्रशिक्षकलाई पारिश्रमिक भत्ता उपलब्ध गराउदाँ कर कट्टि नगरी भुक्तानी गरेको छ । उक्त कट्टि गर्नुपर्ने नगरिएको रु ९९००। सम्बन्धितबाट असुल हुनुपर्ने रु

गो भौ नं	कार्यक्रम	भुक्तानी पाउनेको नाम	भुक्तानी रकम	कर कट्टि हुनुपर्ने
५६१।३।१६	विद्युत जडान तालिम	अशोक हमाल	३३०००	४९५०
२१९।३।२० संघीय चालु	सिलाई कटाई तालिम	भुमिका गन्धर्वा	३३०००	४९५०

असुल गर्नुपर्ने	९,९००

२२ **पुस्तक वितरण**

३७।३।२४ शिक्षा चालु आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (५) अनुसार खर्च लेख्दा खर्चलाई पुष्टयाई गर्ने बिल, भरपाई तथा आवश्यक प्रमाण सहित खर्च लेख्नु पर्ने व्यवस्था भएकोमा पालिकाले कक्षा १- ३ को निरन्तर मुल्याङ्कन कार्यक्रमका लागि विद्यार्थी मुल्याकंन अभिलेखिकरण पुस्तक छपाई गरि आदर्श अपसेट प्रिन्टलाई रु ९८८७५ भुक्तानी गरेकोमा उक्त पुस्तक लेखापरीक्षण अवधीसम्म वितरण गरेको छैन। उक्त पुस्तक वितरण गरेको भरपाई पेश गर्नुपर्ने रु

कक्षा	प्रति	दर	रकम
१	२००	१५५	३१०००
२	२००	१५५	३१०००
३	१५०	१७०	२५५००
जम्मा			९८८७५

प्रमाण पेश नगरेको	९८,८७५

२३ **औषधी खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा पच्चिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । यो बर्ष पालिकाले बोलपत्रमार्फत रु. ७,४९,८९३।औषधि खरिद गरेको छ ।आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफिइड हुनुपर्नेमा औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि हो/होइन खुलाएको प्रमाण समावेश गरेको देखिएन । औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए । नभएको एकीन गरी औषधि भण्डारण हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरुको जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नुपर्दछ ।

२४ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा ६ निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष १३५ जनालाई रोजगारी उपलव्ध गराई रु. ६७५८५०० खर्च गरेको छ । लक्षित वर्गलाई औषतमा ५२ दिनसम्म घोडेटो बाटो निर्माण लगायतको कार्यमा रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।

२५ **अनुदानको अनुगमन**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले देहायअनुसार स्वास्थ्य कृषि, सामान खरिदमा कृषि सहकारी संस्था लगायतलाई अनुदान

उपलब्ध गराएकोमा अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ।

कार्यक्रमको नाम	पाउने समुह	भुक्तानी रकम
गहुँ विउ वितरण	वडाका कृषकहरु	६०५२२०
दाँते ओखर वेर्ना	न्याक कृषक समुह स्यारखोला कृषक समुह लगायत	५५८०००
कृषि औजार तथा सामाग्री वितरण कार्यक्रम ५० प्रतिशत	चेराङ्गजोङ्ग कृ स न्याक कृ स	४९९०००
प्लाष्टिक टनेल	छेकम्बार कृषि स लगायत	४९९०५०
मौरी घार वितरण २० प्रतिशत	सबै वडाका कृषकहरु	३७७३२५

२६ शिक्षा तर्फ

२६.१ **विद्यालयको अनुगमन नियमन व्यवस्था** –स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार माध्यमिक तहसम्मका विद्यालय संचालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मुल्याङ्कन तथा नियमन सम्बन्धित कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था भएकोमा पालिकाले विद्यालय अनुगमन मुल्याकंन तथा सो सम्बन्धी मापदण्ड तयार गरेको छैन । अनुगमन कार्यको अभावमा शिक्षण सिकाई प्रभावकारी रुपमा संचालन हुन नसक्ने देखिएकोले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी बनाउनु पर्दछ । सो का अतिरिक्त पालिकाले निजी विद्यालय व्यवस्थापन तथा अनुगमन मापदण्ड निर्धारण गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२६.२ **दिवा खाजा** -कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८१।८२ क्रियाकलाप नं. २.७.११.१ (घ) अनुसार स्थानीयतहले विद्यालय भौतिक रुपमा पूरा समय चलेको दिन दिवा खाजा उपलब्ध गराईएका विद्यालयको प्रधानाध्यापक र विव्यस अध्यक्षबाट विद्यार्थीको सङ्ख्यात्मक विवरण प्रमाणित गराई स्थानीय तहमा सङ्कलन गरी संख्या यकिन भए पश्चात मात्र थप अनुदान दिने व्यवस्था छ । पालिकाले EMIS कुनै अभिलेख नै नराखी श्री देवल बाल विकास केन्द्रलाई ८४०० निकासा दिएको छ ।EMIS कुनै अभिलेख नराखि निकासा दिएको रकम सम्बन्धित विद्यालयबाट असुल हुनुपर्ने रु.

असुल गर्नुपर्ने	८,४००

२६.३ **बढि निकासा:-** कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं २.७.११.१. मा प्रारम्भिक बालविकासदेखि कक्षा ५ सम्मका EMIS मा प्रविष्टी भएको विद्यार्थी संख्याको हाजिर प्रमाणित गरी सोही आधारमा प्रति विद्यार्थी दैनिक रु. १५ का दरले दिवा खाजा अनुदान दिने व्यवस्था रहेको छ । पालिकाले देहायका विद्यालयहरुलाई EMIS मा प्रविष्टी भएको विद्यार्थी संख्या भन्दा बढी विद्यार्थी संख्याका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिईएको पाईयो। उक्त बढी निकासा दिएको रकम सम्बन्धित विद्यालयबाट असुल हुनुपर्ने रु.

सि नं	विद्यालयको नाम	विद्यार्थी संख्या	EMIS मा भएका विद्यार्थी संख्या	दर	दिन	निकासा दिएको	EMIS अनुसार दिनुपर्ने	बढी रकम
१	ल्हो माध्मीक विधालय	१५०	१४०	१५	१४०	३१५०००	२९४०००	२१०००
२	पाङ्गसिङ्ग प्रा वि	५८	५६	१५	१८०	१५६६००	१५१२००	५४००
३	सिराङ्गि गुम्ब माध्यमिक विद्यालय	८७	८२	१५	१८०	२३४९००	२२१४००	१३५००
४	श्री बुद्ध माध्यमिक विद्यालय	१०५	९६	१५	४०	६३०००	५७६००	५४००
५	श्री चुम्लिङ प्रा वि	२३	१६	१५	४०	१३८००	९६००	४२००
६	ल्हो माध्मीक विधालय	१६१	१३४	१५	४०	९६९००	८०४००	१६५००
जम्मा								६६०००

असुल गर्नुपर्ने	६६,०००

२६.४ **पाठ्यपुस्तक वितरण-** कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८१।८२ क्रियाकलाप नं.२.४.६.१ बुदा नं. ५ शैक्षिक सत्रमा भएको नयाँ विद्यार्थि भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग रकम मात्र दोस्रो पटक अनुदान दिनुपर्ने उल्लेख छ । जसमा प्रविष्ट तथ्याँकलाई स्थानीयतह अन्तरगत सञ्चालित सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको यथार्थ तथ्याँकसँग सत्यापान गराइ सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोको आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको संख्या यकिन गर्नुपर्नेमा सो वेगर नै पालिकाले रु ५०७७३०। विद्यालयहरुलाई निकासा गरेको छ। यसरी तोकिए बमोजिमको कार्यसम्पादनको पालना गर्नुपर्दछ ।

२६.५ **लेखापरीक्षण शुल्क-** कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८१।८२ क्रियाकलाप नं.२.७.१३.१०को ५.१ मा आधारभूत तह सञ्चालित विद्यालयहरूलाई सामाजिक परीक्षण तथा आर्थिक लेखा परीक्षण, विद्यार्थी परिचय पत्र व्यवस्थापन, विद्यालय तथ्याङ्क व्यवस्थापन, बुलेटिन प्रकाशन लगायतका क्रियाकलाप सञ्चालनका लागि एकमुष्ठ अनुदान दिने व्यवस्था छ । पालिकाले EMIS मा प्रविष्टी नै नभएको क्रयाक आधारभुत विद्यालयलाई लेखापरीक्षण शुल्क वापत रु १००००। अनुदान निकासा दिएइको पाईयो। यसरी प्रविष्टि नै नभएको विद्यालयलाई अनुदान निकासा दिएको रकम असुल गरी संघीय संचितकोषमा दाखिला गर्नुपर्ने रु

असुल गर्नुपर्ने	१०,०००

२६.६ **लेखापरीक्षण प्रतिवेदन-** कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८१।८२ क्रियाकलाप नं. ५.१ मा स्थानीय तह अन्तर्गत सञ्चालित सामुहिक विद्यालयहरु मध्ये आधारभुत तह सञ्चालित विद्यालयका लागी प्रति विद्यालय रु १० हजार तथा माध्यामिक तह सञ्चालित विद्यालयका लागि प्रति विद्यालय रु १५ हजारका दरले सामाजिक परीक्षण तथा आर्थिक लेखा परीक्षण कार्यका लागि एकमुष्ठ अनुदान निकासा दिने कार्यक्रम कार्यान्यवन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं २.७.१३.१० मा उल्लेख छ । पालिकाले तपसिलका विद्यालयलाई सामाजिक परिक्षण तथा आर्थिक लेखापरीक्षणका लागि अनुदान निकासा भएकोमा विद्यालयले लेखापरीक्षण प्रतिवेदन पेश गरेको छैन । सम्बन्धित विद्यालयले कार्यक्रम कार्यान्वियन पुस्तिकामा भएको व्यवस्था बमोजिम लेखापरीक्षण प्रतिवेदन पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु

क्र.स	विद्यालयको नाम	लेखापरीक्षण खर्च
१	गौरीशंङ्कर आधाभूत विद्यालय	१००००
२	ल्हो माध्यमिक विद्यालय	१५०००
३	बुद्ध माध्यमिक विद्यालय	१५०००
४	श्रृङगा हिमाली आ.वि	१००००
५	फिलिम आधारभूत विद्यालय	१००००
६	सिदुङ आधारभूत विद्यालय	१००००
७	विकास आधारभूत विद्यालय	१००००
८	नुब्री आधारभूत विद्यालय	१००००
९	पाङसिङ आधारभूत विद्यालय	१००००
१०	बुद्ध आधारभूत विद्यालय	१००००
११	छेकम आधारभूत विद्यालय	१००००
१२	छुलेनिले आधारभूत विद्यालय	१००००
१३	प्रोक आधाभूत विद्यालय	१००००
१४	सेराङगी गुम्बा माध्यमिक विद्यालय	१००००
१५	सिप्चेत आधाभूत विद्यालय	१००००
१६	चुमलिङ आधाभूत विद्यालय	१००००
१७	सिद्ध गणेश आधारभूत विद्यालय	१००००
१८	गुम्बा हिमाली आधारभूत विद्यालय	१००००
१९	वौद्ध हिमाली आ. वि	१००००
	कुल जम्मा	२०००००

प्रमाण पेश नगरेको	२,००,०००

२७ **शिक्षक विद्यार्थी अनुपात**

स्थानीय तहमा रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । विद्यालय समायोजन कार्यान्वियन निर्देशिका, २०७० ले जिल्ला शिक्षा समन्वय अधिकारीको सिफारिसमा जिल्ला शिक्षा समितिको निर्णयले न्यून विद्यार्थी भएका विद्यालयलाई अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्नसक्ने उल्लेख छ। निर्देशिकाको बुँदा नं. १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वियनका लागी विद्यालयको तथ्याङ्क संकलन गर्ने गरी सम्भाव्यता अध्ययन गर्नुपर्ने व्यवस्था छ। यस पालिका अन्तर्गत रहेका १९ सामुदायिक विद्यालयमध्ये प्राप्त विवरण अनुसार देहायका विद्यालयको शिक्षक विद्यार्थी अनुपात निम्नानुसार रहेको देखिन्छ ।

सि.नं.	विद्यालयको नाम	शिक्षक दरबन्दी		पदपूर्ति					विद्यार्थी	शिक्षक विद्यार्थी अनुपात
		स्थायी	राहत	स्थायी	राहत	करार	नीजि स्रोत	जम्मा		
१	गौरीशंङ्कर आधाभूत विद्यालय	३	१	३	१		९	१३	६४	१:५
२	ल्हो माध्यमिक विद्यालय	५		४			५	९	२२८	१:२५
३	बुद्ध माध्यमिक विद्यालय	६	७	५	६	१	३	१५	२८६	१:१९
४	श्रृङ्गा हिमाली आ.वि	३		३			१	४	२८	१:७
५	फिलिम आधारभूत विद्यालय	३		३			.	३	३०	१:१०
६	सिदुङ आधारभूत विद्यालय	१		१			.	१	१३	१:१३
७	विकास आधारभूत विद्यालय	२		१		१	.	२	१८	१:०९
८	नुब्री आधारभूत विद्यालय	५	१	४	१	१	४	१०	९५	१:१०
९	पाङसिङ आधारभूत विद्यालय	३		२		१	.	३	५३	१:१८
१०	बुद्ध आधारभूत विद्यालय	३		३			.	३	२०	१:०७
११	छेकम आधारभूत विद्यालय	२		२			.	२	११	१:०६
१२	छुलेनिले आधारभूत विद्यालय	१		१			.	१	२०	१:२०
१३	प्रोक आधाभूत विद्यालय	१		१			.	१	१४	१:१४
१४	सेराङगी गुम्बा माध्यमिक विद्यालय	१		१			६	७	११८	१:१७
१५	सिप्चेत आधाभूत विद्यालय	१		१			.	१	२१	१:२१
१६	चुमलिङ आधाभूत विद्यालय	१		१			.	१	१६	१:१६
१७	सिद्ध गणेश आधारभूत विद्यालय	२		२			.	२	५३	१:२७
१८	गुम्बा हिमाली आधारभूत विद्यालय	१		१			.	१	१३	१:१३
१९	वौद्ध हिमाली आ. वि	१		१			.	१	५	१:५
	जम्मा	४५	९	४०	८	४	२८		११०६	

यस पालिकामा रहेका विद्यालयमध्ये उल्लेखित विद्यायमा शिक्षक विद्यार्थी अनुपात १:५ देखि १:२५ सम्म रहेको प्राप्त विवरणबाट देखिन्छ । सो अनुसार कतिपय विद्यालयमा शिक्षक दरबन्दी न्युन अवस्थामा रहेको र कतिपयमा न्युन विद्यार्थी संख्या रहेका कारण प्रति विद्यार्थी लागत बढ्न गएको अवस्था देखिन्छ । अतः भौगोलिक दुरी टाढा भएमा बालविकाश केन्द्र स्थापना गरी न्युन विद्यार्थी संख्या भएको विद्यालय समायोजन एवं शिक्षक दरबन्दी मिलान गरी पठनपाठन व्यवस्थित गर्नुपर्दछ ।

२८ पुँजीगत खर्चको अवस्था

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ अनुसार सार्वजनिक निकायले कुनै खरिद गर्नुपर्दा भएसम्म खुल्ला रूपमा बोलपत्र माग गरी खरिद गर्नुपर्नेमा यो वर्ष पुजीँगत शिर्षकबाट रु ८९९९४०००।खर्च गरेकोमा रु २१५५८४१२।अर्थात् २३.९६ प्रतिशत मात्र बोलपत्रबाट खरिद गरेको छ। कुल खरिद मध्ये सिलबन्दी दरभाउपत्रबाट रु १४७७४११। र उपभोक्ता समितिबाट रु ६६९५८१७६।को खरिद गरेको छ। सोझै, अमानत तथा उपभोक्ता समितिबाट खरिद गर्दा प्रतिस्पर्धा नहुने हुँदा सार्वजनिक खरिदलाई प्रतिस्पर्धी एवं मितव्ययी हुने गरी खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ।

२९ **सोझै खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.१० लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने रु.१० लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढी एवं सोझै खरिद गर्न नहुने उल्लेख छ। पालिकाले देहाय अनुसारका सामाग्रीहरु प्रतिस्पर्धात्मक रुपले खरिद नगरि सोझै खरिद गरेको देखिएकोले यस्ता खर्चमा नियन्त्रण गर्नुपर्दछ।

गो.भौ.न.।मिति	विवरण	रकम
२।२०८१।६।९	फर्निचर तथा फिक्चर्स	रु. ८४४६७५
६।२०८१।७।३०	ल्यापटप खरिद	रु. ८७८०१०
८।२०८१।७।३०	किबोर्ड, माउस, प्रिन्टर	रु. ६७८००
६१।२०८२।१।२३	कुर्ची	रु.८९८३५
६३।२०८२।१।३०	स्कयानर, ल्यापटप,	रु.४७१७७५
६२।२०८२।२।११	ल्यापटप, कलर प्रिन्टर	रु.१७७९०५
८५।२०८२।२।१२	सोफा सेट, स्टिल दराज, टेवल	रु. ३५८४६६
जम्मा		रु.२८८८४६६

३० **उपभोक्ता समितीमार्फत खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी श्रृजना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिमार्फत गराएको कामको स्वामित्व लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ। उपभोक्ता समितिले गर्ने कार्य लाभ प्राप्त गर्ने र दिगोपना आउने योजनाको कार्य गर्न दिनुपर्नेमा हस्तान्तरण नहुने र अनिवार्य रुपमा कार्यालयले नै गर्नुपर्ने कार्यहरु उपभोक्ता समिति मार्फत गराएको पाइयो। कार्यालयले उल्लिखित आयोजनाहरुको निर्माण गर्दा उपभोक्ता समिति गठन गरी कार्य गराइ कार्य सम्पन्न गरेको पाईयो। नियमावलीमा भएको व्यवस्थाको प्रतिकुल हुने गरी लाभग्राही समुदाय मार्फत कार्य गराउनु अनियमित देखिएको रु

गो.भौ.न.।मिति	उपभोक्ता समितीको नाम	भुक्तानी भएको रकम
१७८।२०८२।३।१८	चुम्लिङ गाउँघर स्वास्थ्य क्लिनिक फर्निचर व्यवस्थापन	१५३९७९
१८९।२०८२।३।१८	ल्हो आमा समुह भवन फर्निचर व्यवस्थापन	११६४००
१९१।२०८२।३।१८	सामागाउँ आमा समुह भवन फर्निचर व्यवस्थापन	१९०२६९
१९५।२०८२।३।१९	मानेखाङ गुम्बा फर्निचर व्यवस्थापन योजना	९६३६८४
२१५।२०८२।३।२०	पाङ्गसिङ्ग विद्यालय फर्निचर व्यवस्थापन	१५००३१
जम्मा		१५७४३६३

अनियमित भएको	१५,७४,३६३

३१ **परामर्श खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ र ९ मा प्रतिस्पर्धात्मक प्रस्ताव माग गरि परामर्श सेवा खरिद गर्नुपर्ने, यस्तो खरिदमा आवश्यकताको पहिचान समेत गर्नुपर्ने व्यवस्था छ। यसरी परामर्श सेवा खरिद गर्दा विभागीय जनशक्तिले सम्भव नहुने विषयमा मात्र

परामर्श सेवा लिनुपर्नेमा कार्यालयले सम्भाव्यता अध्ययन, अध्ययन प्रतिवेदन लगायतमा कार्यमा रु ५९०४१७८। खर्च गरेको छ। यसरी परामर्श खरिद गर्दा सो को आवश्यकता, खरिदमा मितव्ययिता, विभागीय जनशक्तिको परिचालन जस्ता पक्षमा विश्लेषण गरेको छैन। यस्ता परामर्श खरिद गर्दा ती आयोजना एव कार्यक्रमको लागि बजेट व्यवस्था गरेर कार्यान्वयनमा जाने विषयमा समेत कार्यक्रमले ध्यान पुर्‍याएको छैन। यस वर्ष पालिकाले परामर्श खरिद अन्तरगत निम्नानुसार खरिद गरेको छ ।

कार्यक्रम	परामर्श दाता	लागत अनुमान	भुक्तानी रकम
दोस्रो आवद्यिक विकास योजना	सोलुसन रिसर्च पोईन्ट प्राली	१७९९५२५	१७७५२३०
चुमनुम्री गाउँपालिको पाश्वचित्र २०८२	अस्पिसिय ईन्भाईरोमेन्टल कन्सल्ट प्रा ली	१४९९५१०	१४९२१६५
चुमनुम्री भु उपयोग वर्गिकरण योजना	रोयल एक्सिस ईन्जिनियरिङ्ग सर्भिस प्रा ली	१७९८५८७	१७७४६६५
preparation of initial Environmental Examination (IEE) report of Budhi Gandaki	ईन्फ्रा डेभलोप कन्सल्ट प्रा.लि.	४३१०५९	४३१०५९
जम्मा			५९०४१७८

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा स्वीकृत बजेट रकमकै हाराहारीमा सोझै खर्च गरेको देखिन्छ। प्रत्येक वर्ष अध्ययन गर्दै जाने, प्रतिवेदनको गुणस्तर र कार्यान्वयनको सुनिश्चितता समेत नगरिएको अवस्थामा खर्च लेख्नु उपयुक्त देखिएन। यस्ता खर्चमा सुधार एवं नियन्त्रण गर्नुपर्दछ।

३२ वढी भुक्तानी

गण्डकी प्रदेश सरकारद्वारा जारी उपभोक्ता समिती गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधी, २०७५ को दफा (ङ) मा खानेपानी सम्बन्धित योजनाको वितरण प्रणालीको खन्ने पुर्ने कार्य लागत अनुमानको २० प्रतिशत भन्दा वढी भएमा उपभोक्ता समितीको लागत सहभागिता कम्तिमा २० प्रतिशत हुनुपर्ने व्यवस्था छ। पालिकाले देहाय अनुसारको योजनामा खन्ने पुर्ने कार्य लागत अनुमानको २० प्रतिशत भन्दा वढी रहेको अवस्थामा समेत उपभोक्ता समितिको न्युन लागत सहभागिता राखि भुक्तानी दिएकोले उक्त रकम सम्बन्धित उपभोक्ता समितिवाट असुल गर्नुपर्ने रु.

गो.भौ.न.।मिति	योजनाको नाम	भुक्तानी रकम	हुनुपर्ने उपभोक्ताको योगदान	भएको योगदान	फरक
१०६।२०८२।३।१	न्याकफेदी गमबुढी खानेपानी निर्माण योजना उ.स.	रु.४५९५२७	१०३३६५	५७२९८	४६०६७
१४०।२०८२।३।१६	गुम्बा लाङटाङ खानेपानी निर्माण योजना उ.स.	रु.३८८०००	८००००	५२३५०	२७६४९
१७२।२०८२, ३ , १८	घो खानेपानी निर्माण योजना	रु.५४३११३	११२०००	६७१७८	४४८२१
जम्मा					११८५३७
				असुल गर्नुपर्ने	१,१८,५३७

३३ ढुंगाको राजस्व

गण्डकी प्रदेश सरकारद्वारा जारी आर्थिक ऐनमा ढुंगाको उत्खन्न, सङ्कलन र प्रयोग गरे वापत सम्बन्धित पालिकालाई प्रतिघनमिटर रु ३६३.५ राजस्व बुझाउनु पर्ने व्यवस्था रहेको छ। पालिकाले देहाय अनुसारका योजनामा उपभोक्ता समितिले ढुंगा प्रयोग गरे वापत प्रति घ.मी.रु. २८.५ मात्र राजस्व संकलन गरेको पाईएकोले घटी संकलन भएको राजस्व सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

गो.भौ.न.।मिति	योजनाको नाम	घ.मी.	पालिकाको दररेट	प्रदेश दररेट	फरक	रकम
७४।२०८२।२।६	निले टोल पिसिसी बाटो निर्माण योजना	३६.९४५	२८.५	३६३.५	३३५	१२३७७
७६।२०८२।२।९	पाती डम्पिङ साईट निर्माण उ.स.	३१.७५	२८.५	३६३.५	३३५	१०६३६
८७।२०८२।२।१४	फिलिम चर्च निर्माण योजना क्रमागत	६६.९६	२८.५	३६३.५	३३५	२२४३२
८९।२०८२।२।१४	फ्राक्पा कानी क्युवाङ नाक्पागङ पिसिसि बाटो निर्माण	७८.७	२८.५	३६३.५	३३५	२६३६५
९८।२०८२।२।२०	लेरु सम्चुङ देखि मन्जुङसम्म बाटो पिसिसि	२६.३५	२८.५	३६३.५	३३५	८८२७
१०४।२०८२।२।२६	जगत झोलुगें पुल बाटो स्तरोन्नती योजना	१९८.३	२८.५	३६३.५	३३५	६६४३१
१०८।२०८२।३।१	खाङरिङदेखि मानजिनसम्म गोरेटो बाटो निर्माण	८०.११६	२८.५	३६३.५	३३५	२६८३९
२०८२।३।१२	भर्जमदेखि स्याउ बारी जाने गोरेटो बाटो निर्माण	६२.६६	२८.५	३६३.५	३३५	२०९९१
१२६।२०८२।३।१३	लामागाउँ न्याकु लेरु मुलबाटो पिसिसी	४८	२८.५	३६३.५	३३५	१६०८०
१३६।२०८२	छेतेन पोक गुम्बा निर्माण योजना	७०	२८.५	३६३.५	३३५	२३४५०
१५६।२०८२।३।१७	जगत माने निर्माण, बाटो चौतारा व्यवस्थापन योजना	९३	२८.५	३६३.५	३३५	३११५५
१५८।२०८२।३।१७	क्याक देखि सेराङ जाने बाटो निर्माण	९१.०९	२८.५	३६३.५	३३५	३०५१५
१६०।२०८२।३।१७	राक्ची देखि क्युङपा फु गुम्बासम्म बाटो निर्माण	१२५.८	२८.५	३६३.५	३३५	४२१४३
१६२।२०८२।३।१७	लाङबुक खोला देखि सेराङ गुम्बा जाने बाटो निर्माण	१०२	२८.५	३६३.५	३३५	३४१७०
१६६।२०८२।३।१७	क्रयाक देखि सिमानाङसम्म बाटो निर्माण योजना	१६२.९	२८.५	३६३.५	३३५	५४५७२
१८७।२०८२।३।१८	ग्वाँलादेखि नाउकजुङसम्म पिसिसि बाटो निर्माण	१४५.२	२८.५	३६३.५	३३५	४८६४२
						४७५६25

असुल गर्नुपर्ने	४,७५,६२५

३४ सवारी साधन खरिद

सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयर गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९ र सम्वन्धित मालसामानको स्पेशिफिकेशनको अधिनमा रही तयार गर्नुपर्ने व्यवस्था सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा उल्लेख छ। मेकानिकल ईन्जिनियर नविन चन्द्र वाग्ले (NEC NO: 5522) ले तयार पारेको सवारी साधनको प्राविधिक स्पेशिफिकेशनको आधारमा रु ९१००००० लागत अनुमान तयार गरी सवारी साधनको खरिदको लागी बोलपत्र आह्वान गरिएको एउटा मात्र बोलपत्रदाता बि.बि. अटोमोबाईल्स प्रा. लि. ले बोलपत्र पेश गरेको छ।पालिकाले स्कर्पियो एन रु. ९०९९००० अर्थात लागत अनुमान भन्दा 0.०००१ प्रतिशत कममा खरिद गरेको छ।मेकानिकल ईन्जिनियरले तयार पारेको स्पेशिफिकेशनमा सवारी साधनको वारेन्टी न्युनतम एक वर्ष हुनु पर्ने उल्ले भएकोमा बि.बि. अटोमोबाईल्स प्रा. लि. ले सवारी साधनको वारेन्टी १ वर्ष कायम हुने उल्लेख छ।सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६२(३) मा वोलपत्र सम्वन्धि कागजात वा स्पेशिफिकेशन तयार गर्ने कार्यमा संलग्न व्यक्तिले वोलपत्र सम्वन्धि कारवाहीमा भाग लिन नहुने उल्लेख भएकोमा लागत अनुमान तयार गर्ने, प्राविधिक पक्षको मूल्यांकन गर्ने र इन्सेप्सन प्रतिवेदन तयार गर्ने कार्यमा एउटै मेकानिकल इन्जिनियरको संलग्नता रहेको पाईयो।एकै व्यक्ति स्पेशिफिकेशन देखि इन्सेप्सन सम्मका चरणमा संलग्न रही गरीएको खरिद कार्य मितव्यायी र प्रतिस्पर्धी नहुने अवस्था रहन्छ।यस्ता कार्यमा सुधार गरी पालिकाले ऐन तथा नियमावलीमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ।

३५ अवधि थप नगरेको

सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ११० मा स्वीकृत बोलपत्रको बोलपत्रदाताले कार्य सम्पादन जमानत पेश गर्दा निर्माण कार्यको त्रुटी सच्याउने दायित्व अवधिभन्दा कम्तिमा १ महिना बढी अवधिको हुनुपर्ने उल्लेख छ । पालिकाले देहाय बमोजिमको योजनामा बीमाको म्याद थप गरेको पाइएन।पालिकाले नियमानुसार बीमाको म्याद थप गराउनुपर्दछ ।

योजनाको नाम	निर्माण व्यवसायी	बीमा	काम समाप्त गर्नुपर्ने मिति	बीमाको म्याद थप गर्नुपर्ने मिति	बीमाको म्याद
			म्याद थप समेत		
पानसिङ बृहत खानेपानी निर्माण योजना	लालीगुँरास इन्जिनियरिङ कन्सट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.	२२६६७	२०८१।५।२०	२०८२।६।२०	२०८२।४।३
वडा नं ३ को प्रशासकिय भवन निर्माण	श्री पि पि आर कन्ट्रक्सन प्रा.लि.	४४७६०	२०८१।४।२८	२०८२।५।२८	२०८२।४।८

३६ सामाजिक सुरक्षा

३६.१ यस पालिकामा सामाजिक सुरक्षा कार्यक्रम संचालन तर्फ ८ वडाका लाभग्राहिको खातामा भत्ता रकम जम्मा गर्न बैंक मार्फत प्रथम त्रैमासिकमा रु.११३४३३१०।- दोस्रो त्रैमासिकमा रु. ११७८४३६८।-तेस्रो त्रैमासिकमा रु.११८४६३५८।-र चौथो त्रैमासिकमा रु.११८३५५०१।- समेत रु. ४६८०९५३७।१७।- निकासा गरेको छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् :

३६.२ **लगत कट्टा-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ११ मा कुनै लाभग्राहीको मृत्यु भएमा, प्रचलित कानून बमोजिमका घटना भएको ३५ दिनभित्र घटना दर्ता गराई सम्बन्धित स्थानीय तहको अभिलेखबाट नाम हटाउनुपर्ने लाभग्राहीको नाम कार्यालय प्रमुखबाट निर्णय गराई प्रणालीबाट लगत कट्टा गरी स्थानीयतहको मूल अभिलेखमा समेत जनाउनुपर्ने व्यवस्था छ । पालिकाले वडा नं ५ को जेष्ठ नागरिक हिसि ग्याल्जेन लामा मिति २०८१।११।२० मृत्यु भएकोमा तेस्रो र चौथो त्रैमासिकको जम्मा रु २४००० निकासा भएको छ । मृत्यु मिति पश्चात् निकासा भएको रकम संघीय सञ्चित कोष दाखिला गर्नुपर्ने रु

असुल गर्नुपर्ने	१७,३३३

३६.३ **पारदर्शिता** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७7 को दफा ३2 मा स्थानीय तहको कार्यालयले लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रकृया जस्ता भत्ता सम्बन्धि जानकारी स्थानीय सामाजिक संघसंस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था गरेकोमा पालिकाको कार्यालयले उल्लेखित व्यवस्था परिपालना गरेको पाइएन । कार्यविधिमा उल्लेखित व्यवस्था परिपालना गरी सामाजिक सुरक्षा कार्यक्रमको पारदर्शिता प्रवर्द्धन गर्नुपर्दछ ।

३६.४ **अनुगमन तथा निरीक्षण** - सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७७ को दफा २७ (३) अनुसार गाउँ कार्यपालिका अध्यक्ष वा नगर कार्यपालिकाका प्रमुखले वा स्थानीय तहका प्रमुख प्रशासकिय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था भएकोमा यस पालिकाले सो कार्य गरेको पाइएन। यस तर्फ पालिका क्रियाशिल हुनुपर्ने देखिन्छ ।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : चुमनुव्री गाउँपालिका, गोरखा , चुमनुव्री गाउँपालिका , गोरखा

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	मनोज लामिछाने	२०८०-६-१	हाल सम्म कार्यरत
लेखा प्रमुख	गिरिजा प्रसाद रिजाल	२०७७-४-१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
७०५,७९५	१,५७४,३६३	३१३,८०५	०	०	०
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	२,५९३,९६३
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	०
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	२,५९३,९६३

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		१२९६३९२५७.९८	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	१९१४५५७४५	चालु खर्च	२०६३२८५८०.४९
प्रदेश सरकारबाट अनुदान	१४८१७०००	पूँजीगत खर्च	९१९८६०५३.४७
राजश्व बाँडफाँट	९५३०३८५३.५३	वित्तीय/अन्य व्यवस्था	०.०
आन्तरिक आय	१४९८८३५४.८६		
अन्य आय	०.०		
कुल आय	३१६५६४९५३.३९	कुल खर्च	२९८३१४६३३.९६
बाँकी मौज्दात		१४७८८९५७७.४१	

अनुसूची - २

सि.नं	लेखापरीण	लेखापरीण गरएका िवषय
1	आन्तरिक आयतर्फ	आन्तरिक आयतर्फ
2	**DPR** खर्च	**DPR** खर्च
3	कृषि तथा पशुतर्फ	अनुदान
4	शिक्षा तर्फ	शिक्षातर्फ
5	सामाजिक सुरक्षा	सामाजिक सुरक्षातर्फ
6	स्वास्थ्यतर्फ	स्वास्थ्यतर्फ
7	कण्टिन्जेन्सी खर्च	कण्टिन्जेन्सी खर्च
8	ठेक्का तथा प्रस्ताव व्यवस्थापन	ठेक्का व्यवस्थापन
9	तलब भत्ता तथा पारिश्रमिक खर्च (तलव, अन्य सुविधा, नियमित परामर्श र करार सेवा)	खर्च परीक्षण
10	तालिम र कार्यक्रम खर्च	तालिम र कार्यक्रम खर्च
11	पदाधिकारी सुविधा	खर्च परीक्षण
12	विविध खर्च	खर्च परीक्षण
13	संघ र प्रदेशबाट प्राप्त सशर्त लगायत अनुदान (अख्तियारी तथा अन्य कार्यक्रम)	अनुदान
14	सफ्टवेयर खरिद र सञ्चालन खर्च	खर्च परीक्षण
15	वार्षिक मर्मत सम्भार खर्च (**AMC**)	खर्च परीक्षण
16	अमानत, उपभोक्ता समिति र गैरसरकारी संस्थाबाट कार्य गराउने।	खरिद व्यवस्थापन

सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।

- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ।निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/ आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।

- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फस्यौंट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फस्यौंटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फस्यौंट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फस्यौंट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ ।मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौतातथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ ।

- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।

- कतिपय कार्यसम्पन्न भइसकेका शीतभण्डारहरू प्राविधिकरुपले अधुरा भई सञ्चालन तथा उपयोग नभएको र निर्माणाधीन तथा निर्माण भइसकेका शीत भण्डारहरू गुणस्तरीय नदेखिएकोले यसमा सुधार गरी सञ्चालन गर्नुपर्दछ। स्थानीय आवश्यकता विश्लेषण गरी दिगो सञ्चालनको सुनिश्चितता गरेर मात्र शीतभण्डारहरू निर्माण गर्नुपर्दछ।

- आन्तरिक लेखापरीक्षण नुहने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।

- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।

- प्रयोग हुने सुनिश्चत भएपछि मात्र सामाग्री खरिद गर्नुपर्दछ भने खरिद भएका सामाग्रीहरु अनिबार्यरुपमा सार्वजनिक सम्पती व्यवस्थापन प्रणाली (पाम्स) मा वर्गिकरण गरेर दाखिला गर्नुपर्दछ ।

- खरिद भएका औषधी तथा स्वास्थ्य सम्बन्धी उपकरणहरु विगतमा विद्युतीय लजिस्टिक व्यवस्थापन सूचना प्रमाणली (ई.एल.एम.आई.एस.) बाट ब्यबस्थापन हुनेगरेकोमा आर्थिक वर्ष २०८१/८२ देखि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स)बाट ब्यबस्थापन गर्न अनियबार्य गरेकोमा ई.एल.एम.आई.एस. मा मौज्दात रहेका सबै औषधी तथा उपकरणहरु अनिवार्य रुपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिम्मेबारी सार्नुपर्दछ ।

- कार्यालयको आधिकारिक वेबसाईटमा कतिपय सूचना, जानकारी, तथ्याङ्क तथा फोटोहरु पुरानैरहने गरेकोमा अद्यावधिक गर्ने व्यवस्था गर्नुपर्दछ ।
- उपयोग हुने सुनिश्चित भएपछि मात्र सूचना प्रविधि प्रणाली (सफ्ट्वेयर) निर्माण गर्नुपर्दछ भने वेबमा आधारित सूचना प्रविधि प्रणाली (सफ्ट्वेयर) को सरकारी वेबसाईटबाट होस्टिङ्ग गर्ने ब्यबस्था गर्नुपर्दछ ।
- पुर्वाधार निर्माणकार्यको लागत अनुमान, नापी किताव, नापी बिल, तथाकार्यसम्पन्न प्रतिवेदनमा त्यस्तो विवरण तथा प्रतिवेदन तयार गर्ने तथा स्वीकृतगर्ने कर्मचारी तथा पदाधिकारीको नाम र पद खुलाउनेव्यवस्था गर्नुपर्दछ ।